# अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकारसम्बन्धी राष्ट्रिय सम्मेलन

## २७ - २८, बैशाख २०७५

## काठमाण्डौं घोषणापत्र

नागरिकको मानव अधिकार संरक्षण, प्रवर्द्धन तथा प्रभावकारिताको सुनिश्चितता र अन्य व्यक्ति सरह जीवनयापनका लागि मानव अधिकारको विश्वव्यापी घोषणापत्र सन् १९४८ तथा अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी अन्तराष्ट्रिय महासन्धि सन् २००६, नेपालको संविधान (२०७२), अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ तथा अन्य ऐन कानूनहरुद्वारा अपाङ्गता भएका व्यक्तिका लागि प्रदत्त अधिकारहरु, दिगो विकासका लक्ष्यहरुलाई दृष्टिगत गर्दै, नेपालको जनगणना २०६८ अनुसार कुल जनसंख्याको १.९४ प्रतिशत अपाङ्गता भएका नागरिक विकासको मूल प्रवाहबाट पछि पारिएका, सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक अधिकार पाउनबाट बंचित भएको एबम् भौतिक तथा वातावरणीय अवरोधहरु साथै नकारात्मक सोच, भेदभावजन्य व्यवहार तथा दया र उपकारको दृष्टिले हेरिने प्रचलनको अन्त्य गर्दै सबै मानिसको मर्यादा समानता र अहरणीय अधिकारहरुको स्मरण एव मानव अधिकार तथा आधारभूत स्वतन्त्रताको विश्वव्यापी र प्रभावकारी मान्यताको अनुभूति गर्दै मानव अधिकारमैत्री ब्यवस्थाको स्थापनाका लागि,

राष्ट्रिय मानव अधिकार आयोगको आयोजनामा आयोगका माननीय अध्यक्ष अनूप राज शर्माज्यूको प्रमुख आतिथ्यता, आयोगका माननीय सदस्यज्यूहरुको समुपस्थितिमा र राष्ट्रिय अपाङ्ग महासंघको समन्वयमा अपाङ्गताको क्षेत्रमा क्रियाशील सात वटै प्रदेश र केन्द्रबाट करीब २०० सहभागीहरुको भेलाले अपाङ्गता भएका व्यक्तिको मानव अधिकार संरक्षण संवर्द्धन र प्रभावकारी कार्यान्वयनका लागि व्यापक छलफल भई उठान भएका सवालहरु र समस्याको समाधानका उपायहरुको सुझाव समेतका आधारमा निम्न बुँदाहरुलाई समेट्दै यो काठमाण्डौं घोषणापत्र जारी गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी राष्ट्रिय सम्मेलन र सात वटै प्रदेशमा सम्पन्न भएका प्रादेशिक सम्मेलनबाट जारी भएका घोषणापत्र समेतलाइ दृष्टिगत गर्दै यो सम्मेलन निम्न घोषणापत्र जारी गर्दछ ।

१ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी, नेपालको संविधान, २०७२ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ अपाङ्गता भएका व्यक्तिका

लागि पहुँचयुक्त भौतिक संरचना एव संचार सेवा निर्देशिका, २०६९ अपाङ्गतामैत्री संचार निर्देशिका (Media code), २०७४ लगायत अन्य ऐन, कानून, नीति, निर्देशिकाको प्रभावकारी कार्यान्वयन हुनुपर्ने साथै अव बन्ने कानूनमा स्थानीय सरकार प्रादेशिक सरकार र केन्द्र सरकारका अपाङ्गता भएका व्यक्तिको अधिकारको संरक्षण गर्नु पर्ने दायित्व स्पष्ट किटान गरी उल्लेख गर्नु पर्ने ।

२ अपाङ्गता भएका व्यक्ति विरूद्ध हुने भेदभाव अन्त्य गरी उनीहरूको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको सम्मान गर्न तथा अपाङ्गता भएका व्यक्तिलाई सशक्तीकरण गरी नीति निर्माण र विकास प्रक्रियामा सहभागी गराई स्वावलम्बी र सम्मानजनक जीवनयापनको वातावरण सुनिश्चित गर्न पहल गर्नुपर्ने ।

३ बौद्धिक अपाङ्गता, अटिजम, गम्भीर मस्तिष्क पक्षघात र मनोसामाजिक अपाङ्गता, बहुअपाङ्गता, स्पाइनल  कर्ड इन्जुरी भएका, पूर्ण र अतिअशक्त अपाङ्गता भएका व्यक्तिहरूका लागि सहायक सामग्री,  समावेशी शिक्षा, घरदैलो शिक्षा अपाङ्गता भएकै कारणले दैनिक खानु पर्ने औषधी र व्यक्तिगत सहयोगी सेवा साथै पुनर्स्थापनाका कार्यक्रम अनिवार्य गर्नुपर्ने साथै स्वाबलम्बन जीवन पद्धति अवधारणालाई मान्यतालाई प्रबर्धन गरिनु पर्ने ।

४ अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार संरक्षण र प्रवर्द्धनका लागि सम्बन्धित सरकारी निकाय, नागरिक समाज, मानव अधिकार संस्थाहरु, संचार माध्यम लगायत सरोकारवालासँग सम्वाद र सहकार्य अभिवृद्धि गरी अपाङ्गता भएका व्यक्तिहरुको मानव अधिकार सम्बन्धी सचेतना अभिवृद्धि गर्नु पर्ने ।

५ संघ, प्रदेश तथा स्थानीय तहबाट प्रकाशित, प्रसारित हुने सबै प्रकारका सूचना र जानकारीहरू ब्रेल, अडियो, ठूलो छापा तथा साङ्केतिक भाषा सहित पहुँचयुक्त सर्वमान्य ढाँचामा (Universal Design)   प्रकाशन तथा प्रसारण गर्नुपर्ने  ।

६ राज्य पुनसंरचना भइरहेको बेला अपाङ्गता भएका व्यक्तिले  प्राप्त गर्ने  परिचय पत्र प्रदान गर्ने निकाय निष्कृय रहेको, नयाँ ऐन र नियमावलीहरुमा स्पष्ट व्यवस्था नभएको हुँदा अपाङ्गता परिचयपत्र प्राप्तीमा कठिनाइ भएकोले यथाशीघ्र परिचय पत्र वितरणको व्यवस्था मिलाउनु पर्ने  । साथै यसअघि वितरण भएका कतिपय परिचय पत्रको दुरुपयोग सम्बन्धी प्रश्नहरु उठेको हुँदा यसको छानवीन गर्नु पर्ने ।

७ सार्वजनिक सवारी साधनलाई अनिवार्य पहुँचयुक्त ढाँचामा रुपान्तरण गर्दै अपाङ्गता भएका व्यक्तिका लागि भएको ५० प्रतिशत छुट, आरक्षण सीटको कार्यान्वयनको व्यवस्थालाई पूर्ण कार्यान्वयन गर्नुपर्ने, सवारी साधन अनुमति पत्र प्राप्त गर्ने व्यवस्था मिलाई अपाङ्गता भएका व्यक्तिहरूका लागि सबै प्रकारका वीमाको व्यवस्था र वित्तीय संस्थाहरूलाई सर्बमान्य ढाचा (Universal Design) अनुरुप बनाउनु पर्ने ।

८ प्रदेश र स्थानीय तहले आफ्नो कानून, नीति, नियम र निर्देशिकाहरु तयार गर्दा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि, नेपालको संविधान, २०७२ ले अपाङ्गता भएका व्यक्तिका लागि सुनिश्चित गरेका सवालहरुको सम्बोधन हुने गरी विज्ञको रुपमा उनीहरुको अर्थपूर्ण सहभागितासहितको समावेशी सिद्धान्तका आधारमा अपाङ्गता मैत्री कानूनहरु निर्माण गर्नुपर्ने ।

९. अपाङ्गता भएका महिला र बालिकाहरु अत्यधिक मात्रामा यौनजन्य हिंसा, बलात्कार तथा घरेलु हिंसा, विवाह नभएका र विवाह गरी छोड्ने लगायतका हिंसा प्रभावित भइरहेका तथ्यलाई हृदयंगम गर्दै हिंसा न्यूनीकरण गर्न न्याय संयन्त्रको निर्माण गरी प्रभावितलाई छिटो न्याय दिने प्रणालीको विकास गरी न्यायमा पहुँचको सुनिश्चितता गर्नुपर्ने ।

१० अपाङ्गता भएका व्यक्तिहरु यसभित्र पनि बौद्धिक अपाङ्गता, अटिजम, मनोसामाजिक र पूर्ण अशक्त अपाङ्गता भएका बालबालिकाहरु विद्यालयको पहुँच बाहिर भएको हुँदा उनीहरुको चाहनाअनुसार समुदायको विद्यालयमा निस्शुल्क, अनिवार्य र गुणस्तरीय अध्ययन गर्न पाउने व्यवस्थाको सुनिश्चितताको साथै उपयुक्त रोजगारीको ब्यवस्था गर्नु पर्ने साथै अस्थायी करार सेवामा कार्यरत अपाङ्गता व्यक्तिको लागि प्रक्रिया पूरा गरी स्थायी गरिनु पर्ने

११ अपाङ्गता सम्बन्धी महासन्धि (UNCRPD) समितिले दिएको सिफारिशलाई प्रभावकारी कार्यान्वयनका लागि अधिकार सम्पन्न संयन्त्र गठन गर्नु पर्ने ।

१२ सबै सार्वजनिक भौतिक संरचना प्रविधि र संचार सेवालाई सर्बमान्य ढाँचा (Universal Design) को सिद्धान्तअनुसार बनाउनु पर्ने ।

१३ अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सहायक सामग्री, उपकरण, अपाङ्गता भएकै कारणले नियमित प्रयोग गर्ने औषधी तथा हेमोफेलिया भएका व्यक्तिका लागि

फ्याक्टर र प्लाज्मा, स्फाइनल कर्ड इन्जुरीले प्रयोग गर्ने क्याथेटर, प्याड लगायत अन्य आधारभूत सेवाहरुलाई अधिकारको रुपमा स्वीकार्दै निःशुल्क सर्वसुलभ साथै उपचारको व्यवस्था गर्नु पर्ने ।

१४ अपाङ्गता भएका व्यक्तिको खण्डीकृत तथ्यांक स्थानीय तहमा नियमित रुपमा अद्यावधिक गर्नुपर्ने ।

१५ अपाङ्गता भित्र महिला बालबालिका आदिवासी जनजाति, दलित, मधेसी, मुस्लिम अटिजम बौद्धिक अपाङ्गता  मनोसामाजिक अपाङ्गता पिछडिएको क्षेत्र लगायतको पहिचान गरी क्षमता अभिबृद्धि गर्नुपर्ने ।

१६ हिंसा प्रभावित महिला, द्वन्द प्रभावित, बेवारिसे तथा अभिभावकविहीन अपाङ्गता भएका व्यक्तिहरुको संरक्षणमा विशेष व्यावस्थासहितको संरक्षण गृह र सेवा लगायतको व्यवस्थापन गर्नुपर्ने ।

१७ अपाङ्गता भएका व्यक्तिका लागि आर्थिक, सामाजिक तथा चिकित्सकीय पुर्नस्थापना युवामैत्री कार्यक्रमहरु, यौन तथा प्रजनन स्वास्थ्यका कार्यक्रमहरु एवम् मनोरञ्जन  र खेलकूदस्थलको केन्द्र स्थापना गरी खेललाई प्रवर्द्धन गर्न प्रदेश र स्थानीय तहमा व्यवस्था गर्नुपर्ने ।

१८ संवैधानिक अंगका रुपमा छुट्टै अपाङ्गता आयोगको गठन गर्नुपर्ने साथै अन्य संबैधानिक आयोगहरुमा अपांगता भएका व्यक्तिको अनिबार्य प्रतिनिधित्व हुनुपर्ने ।

१९ अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४ को अनुसार राष्ट्रिय निर्देशन समिति र प्रदेश र सबै स्थानीय तहमा अपाङ्गता समन्वय समिति अविलम्व गठन गरी अपाङ्गता उत्थान तथा विकासका लागि तीनै तहमा प्रष्ट नीति तथा कार्यक्रम सहित पर्याप्त र निश्चित प्रतिशत बजेटको व्यवस्था गर्नुपर्ने । श्रोत तथा साधन परिचालनमा केन्द्र सरकारको पचास प्रतिशत, प्रदेश सरकारको पच्चीस प्रतिशत र स्थानीय सरकारलाई पच्चीस प्रतिशत जिम्मेवारी हुनुपर्ने ।

२० बौद्धिक अपाङ्गता, अटिजम मनोसामाजिक अपाङ्गता तथा पुर्ण अशक्त अपाङ्गता भएका व्यक्तिहरुका लागि नीतिगत व्यवस्थासहित परिवार सहायता कार्यक्रम, हेरचाह, व्यक्तिगत सहयोगी र जीवन निर्वाहको व्यवस्था गर्नुपर्ने ।

२१ अपाङ्गता मैत्री विपद् व्यवस्थापन नीति लागू गरी, भूकम्प प्रभावित क्षेत्रका अपाङ्गता भएका व्यक्तिका आवश्यकताअनुसार आवास व्यवस्थासहित अन्य कार्यक्रमहरुमा समावेशीकरण र सहभागिताको सुनिश्चिता गर्नुपर्ने ।

२२ सार्वजनिक सेवा दिने स्थानहरूमा साकेतिक भाषा दोभाषे, नोट टेकर, क्याप्सनिङ तथा स्पर्श संकेतको व्यवस्था साथै स्थानीय मातृ भाषालाई समेत प्रबर्धन गर्नुपर्ने ।

२३ अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्ने सबै प्रकारका सहायक सामग्री, सवारी साधन सर्वसुलभ र स्वदेशमै उत्पादन हुने वातावरणसहित विदेशबाट खरिद तथा अनुदान प्राप्त हुँदा भन्सार अन्तशुल्क तथा कर छुटको व्यवस्था गर्नुपर्ने, खेलकूद सामग्री, सहायक सामग्री तथा कृत्रिम अङ्गहरुको प्रावधानलाई स्वस्थ्य विमाले सम्बोधन गर्नुपर्ने ।

२४ अपाङ्गता मैत्री व्यवस्थीत बस्ती वसोवास, जनता आवास कार्यक्रम अपाङ्गताको जनसंख्याको आधारमा, सुकुम्बासी बस्ती व्यवस्थापन र अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी अपाङ्गतामैत्री अपार्टमेन्टको निर्माण गर्ने कार्यक्रम तय गर्नुपर्ने ।

२५ अपाङ्गता भएका व्यक्तिलाई रोजगारी दिने संस्था वा कार्यालयलाई कर छुट र स्वय अपाङ्गता भएका व्यक्तिले व्यवसाय, संचार गृह संचालन र उपकरण खरीद गर्दा कर छुट, अनुदान, सहुलियत दरमा ऋणको व्यवस्था र पब्लिक कम्पनी सेयर वितरण हुदा अपाङ्गता भएका व्यक्तिका लागि निश्चित प्रतिशत निर्धारण हुनुका साथै स्वरोजगारलाई प्रोत्साहित, सहयोग एवम् प्रबर्धन गर्नुपर्ने ।

२६ अपाङ्गता भएका महिलाहरुको प्रजनन् अधिकारलाई सुनिश्चित गर्न सम्पूर्ण अस्पतालहरुमा अपाङ्गगतामैत्री प्रसुति कक्षको व्यवस्था गर्नुपर्ने ।